आर्थिक वर्ष :- ०७६।०७७

बैठक संख्या :- ५५

मिति :- २०७६।०४।०८ (बुधबार)

समय :- दिनको : २.०० बजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |
| श्री सुमित कुमार वर्मा | - आ. लो. प. अ. |

**निर्णय नं. १** :- आर्थिक वर्ष ०७६।०७७ मा कमलामाई नगरपालिका क्षेत्रभित्र संचालन हुने सार्वजनिक निर्माण र अन्य कार्य गर्न को लागि नगर दर रेट कायम गर्ने सम्वन्धमा कामदारहरुको ज्याला र एच.डि.पि.पाईपको दर रेट गत वर्षको नगर दररेट कायम गर्ने । सो वाहेक निर्माण सामाग्रीको हकमा जिल्ला दर रेट अनुसारनै कायम गर्ने र उक्त नगर दररेटमा उल्लेख नभएको अवस्थामा प्रचलित वजार भाउ वा उत्पादक कम्पनीको दररेट लाई आधार मानि कम्तिमा तिन वटा दरभाउ-पत्र लिई सवै भन्दा कम लाई कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :- विगत केहि समय देखि परेको अविरल वर्षादको कारणले कमलामाई नगरपालिका क्षेत्र भित्रका निजि तथा सार्वजनिक सम्पतिमा ठुलो क्षति हुन गएको हुँदा ३ नं. प्रदेश सरकार संग ५००० थान तारजाली र १ ईन्च देखिं ६ ईन्च सम्मको पोलिथिन पाईप तथा केन्द्रिय सरकार संग विभिन्न साईजको १०००० थान तारजाली माग गर्ने साथै निजि तथा सार्वजनिक सम्पति संरक्षणको लागि रु.१० करोड अनुदान सहायता माँग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- विगत केहि समय देखि परेको अविरल वर्षादको कारणले कमलामाई नगरपालिका क्षेत्र भित्रका निजि तथा सार्वजनिक सम्पतिमा ठुलो क्षति हुन गएको र वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको कार्यालयमा राहात पाउ भनी पेश हुन आएका निवेदनहरु माथि छानविन गरि कार्यपालिकाको बैठकमा पेश गर्नको लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : उप प्रमुख श्री मन्जु देवकोटा
सदस्य : श्री कर्ण बहादुर घिसिङ्ग
सदस्य : श्री उज्वल कुमार थापा
सदस्य : श्री रामहरी ढुगेंल
सदस्य : श्री महेश खतिवडा
सदस्य : श्री राम वहादुर थिङ्ग
सदस्य : श्री केशर वहादुर नेपाली
सदस्य : श्री शिव कुमारी रायमाझी
सदस्य सचिव : श्री सागर कुमार ढकाल

**निर्णय नं.४** :- कमलामाई नगरपालिकाबाट आर्थिक बर्ष ०७५/७६ मा सम्पादन गरेको विभिन्न योजना तथा कार्यक्रमहरुको वार्षिक कार्य प्रगति मिति ०७६ श्रावण २० र २१ गते कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** :- सिन्धुली जिल्लाको ऐतिहासिक स्थल सिन्धुली गढी दरबारमा लगत ईष्टमेट अनुसार ठेक्का प्रकृयाबाट गेट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**:- नगर क्षेत्रको विद्यमान विकट भौगोलिक अवस्था, काम गर्ने जनशक्तिको अभाव आदि कारणले कतिपय निर्माणका कार्यहरु गर्न कठिनाई भएको हुदा चालु आ.व.मा संचालन गरिने विकास निर्माण कार्यमा मेसिन औजार (हेभि ईक्युपमेन्ट समेत ) प्रयोग गर्न सकिने निर्णय गरियो

**निर्णय नं ७:-** कमलामाई नगरपालिका क्षेत्र भित्र घर बहाल कर उठाउन पहल गर्न, बहाल कर छुट गर्नको लागि कार्यपालिकामा पेश गर्न र अनुगमन लगायतका अन्य कार्य गर्नको लागि निम्नानुसारको समिति बनाउने निर्णय गरियो ।

संयोजक :- श्री केशर बहादुर नेपाली

सदस्य :- आर्थिक प्रशासन शाखा

सदस्य :- आन्तरिक लेखा परिक्षण शाखा

सदस्य :- शहरी विकास शाखा (घर नक्सा शाखा)

सदस्य सचिव :- राजश्व प्रशासन उपशाखा

**निर्णय नं ८:-** यस नगरपालिका समेतको समन्वयमा वडा नं.२ को ढुङ्गेभन्ज्याङ्गमा संचालित होमस्टेमा संचालन हुने होटलजन्य व्यवसायी दर्ताको लागि कार्यविधि वनी नसकेको तर चेत बहादुर मगर अध्यक्ष रहेको सामुदायिक होमस्टे दर्ताको लागि पेश भएको हुदा नेपाल सरकारबाट मिति ०६७।०४।०३ मा स्वीकृत होमस्टे संचालन कार्यविधि २०६७ को अनुसूची १ को अवस्था प्रकृया पुरा भएको अवस्थामा नगर प्रमुखबाट निर्णय गरी सोही कार्यविधिको अनुसूची ३ बमोजिमको (परिमार्जन गरी) प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो ।